# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## आठौं वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभाको काम कारबाही:

यस कम्पनीको मिति २०८१/११/१६ मा सम्पन्न सञ्चालक समितिको ११६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र, नियमावली बमोजिम बोलाइएको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति : २०८१/१२/१५ (तदनुसार २८/०३/२०२५), शुक्रबार
स्थान : आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, नक्साल, काठमाण्डौ ।
समय : बिहान ११:०० बजे ।

३. उपस्थिति:

क. सञ्चालकहरु:

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | – अध्यक्ष |
| २. | श्री सुमित कुमार अग्रवाल | – सञ्चालक |
| ३. | श्री मनोज कार्की | – सञ्चालक |
| ४. | श्री महेश स्वांर | – सञ्चालक |
| ५. | श्री दावा फुटी शेर्पा | – सञ्चालक |
| ६ | श्री भेज प्रसाद तिमिल्सिना | – सञ्चालक |

ख. पदाधिकारीहरु:

| | | |
|---|---|---|
| १. | श्री पोषक राज पौडेल | – प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री दिप बहादुर वि.सी. | – नायब प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव |
| ३. | श्री भुषण रिमाल | – प्रमुख बजार व्यवस्थापन अधिकृत |
| ४. | श्री गोपाल पंगेनी | – प्रमुख वित्तीय अधिकृत |

ग. प्रतिनिधिहरु:

| | | |
|---|---|---|
| १. | श्री ईशा श्रेष्ठ | – लेखापरीक्षक श्री एस.ए.आर. एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधि |
| २. | श्री अनिल जोशी | – आन्तरिक लेखापरीक्षक श्री कुबेर एन. भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधि |
| ३. | श्री रामकृष्ण निराला | – कानुनी सल्लाहकार |

घ. शेयरधनीहरु:

| उपस्थितिको विवरण | उपस्थित संख्या | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| शेयरधनी स्वयम् | ७३५ | ४१,६५,०२० |
| प्रतिनिधि मार्फत | २२९ | १,७७,७२,२६० |
| जम्मा | ९६४ | २,१९,३७,२८० |

४. सूचना प्रकाशन:

कम्पनीको आठौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिमको साधारण सभाको सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४(४), बीमा ऐन, २०७९ को दफा ८७ (८) एवम् नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०८० को दफा ९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि २०८१ साल फाल्गुण १८ गते र २०८१ साल चैत्र ७ गते क्रमश: कारोबार राष्ट्रिय दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा आठौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेबसाइटमा समेत उपलब्ध गराइएको थियो ।

५. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर. एशोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, पुन: नियुक्तिका लागि योग्य रहनु भएको) ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को १.४२०२२ (एक दशमलव चार दुई शुन्य दुई दुई) प्रतिशतले हुने रु. ५,५९,२१,०५२/६३ (अक्षरुपी पांच करोड उनानसाठी लाख एक्काइस हजार बाउन्न रुपैया त्रिसठ्ठी पैसा) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव:

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को २६.९८४१२६९८ (छब्बीस दशमलव नौ आठ चार एक दुई छ नौ आठ) प्रतिशतले हुने रकम रु. १,०६,२५,००,०००/-( अक्षरुपी एक अर्ब छ करोड पच्चीस लाख रुपैया) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ५,००,००,००,०००/-(अक्षरुपी पांच अर्ब) पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. कम्पनीबाट गरिएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(ग) विविध ।

६. सभाको गणपूरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ७,०३,७५१ | ९६४ | ०.१४ |
| शेयर संख्या | ३,९३,७५,००० | २,१९,३७,२८० | ५५.७१ |

७. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कारबाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गरी तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्राप्त गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको आठौं वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दै समीक्षा वर्ष २०८०/०८१ मा कम्पनीले आफ्ना देशभरी रहेका १३५ शाखा तथा उपशाखा कार्यालयहरुमा रहेका ३९१ जना कर्मचारी एवम् करिव ३० हजार सिटिजन लिडर्स मार्फत सेवाग्राहीहरुलाई उत्कृष्ट जीवन बीमा सेवा उपलब्ध गराएको, कम्पनीले समीक्षा वर्षमा करिव ७ लाख ५४ हजार नयां बीमितहरु मार्फत रु. १ अर्ब ९६ करोड प्रथम बीमाशुल्क आम्दानी प्राप्त गर्न सफल भएको, गत वर्षको तुलनामा कुल बीमाशुल्क आम्दानीमा ५ प्रतिशत, लगानी तथा अन्य आम्दानीमा ४६ प्रतिशत, खुद मुनाफामा २३२ प्रतिशतको बृद्धि हासिल गर्नुका साथै सोही अवधिमा गत वर्षको तुलनामा लगानी तथा कर्जामा ५६ प्रतिशतले बृद्धि हुन गई रु. १९ अर्ब ८९ करोड, जगेडा तथा कोष (स्थगन कर बाहेक) मा ७६ प्रतिशतले बृद्धि गरी रु २ अर्ब ४४ करोड, कुल लगानीमा ५७ प्रतिशतको बृद्धि सहित रु. १९ अर्ब ७ करोड र जीवन बीमाकोषमा ४१ प्रतिशतले बृद्धि गरी रु. १४ अर्ब ४२ करोड पुऱ्याउन सफल हुनुले यस कम्पनीको व्यवसायिक स्थिती एवम् वित्तीय अवस्था उत्साहजनक रहेको बेहोरा गरिमामय सभालाई जानकारी गराउनु भयो ।

जीवन बीमा व्यवसायको दीर्घकालीन दायित्वलाई व्यवस्थापन गर्न लगानीलाई विविधिकरण गरी दीर्घकालीन सम्पत्तिमा लगानी गर्न अपरिहार्य भएकोले यस कम्पनीले दीर्घकालीन लगानीलाई विशेष प्राथमिकतामा राखी समीक्षा अवधिमा देखिएको अस्थिर पूंजीबजार, वैकल्पिक दीर्घकालीन लगानी क्षेत्रको अभावका बाबजुद कम्पनीको कुल लगानी रु. १९ अर्ब ७ करोड मध्ये करिव ८८ प्रतिशत अर्थात रु. १६ अर्ब ७७ करोड विभिन्न बैंक तथा वित्तीय संस्थाको दीर्घकालीन मुद्धती निक्षेप, ऋणपत्र, शेयर एवम् म्यूचुअल फण्डहरुमा लगानी गरिएको र करिव १२ प्रतिशत मात्र अल्पकालीन लगानी रहेको, बीमा दाबी भुक्तानीमा प्रक्रियागत सरलता तथा सहजताले कम्पनी प्रति बीमितको विश्वसनीयतामा बृद्धि हुन गई व्यवसाय बृद्धिमा समेत सकारात्मक प्रभाव पार्ने विषयलाई मध्यनजर गर्दै बीमा दाबी फर्छ्यौटलाई उच्च

प्राथमिकतामा राखी समीक्षा आर्थिक वर्ष २०८०/०८१ मा बीमा दाबी वापत रु १ अर्ब ८३ करोड ( मृत्यु दाबी वापत रु. ६९.६२ करोड, समर्पण दाबी वापत रु. १७.३३ करोड र अग्रिम भुक्तानी बीमा योजनाको आंशिक अवधि समाप्ती दाबी वापत रु ८८.४२ करोड) भुक्तानी भएको बेहोरा सम्मानित सभालाई अवगत गराउनु भयो ।

अन्तर्राष्ट्रिय स्तरमा शक्ति राष्ट्रहरु बिच देखापरेको द्वन्दका कारण विश्वव्यापी अर्थतन्त्रमा परेको असरसंगै देशको आर्थिक, वित्तीय र मौद्रिक नीति बिच सामञ्जस्यता कायम हुन नसक्दा अर्थतन्त्रमा मन्दी, औद्योगिक उत्पादन तथा व्यवसायिक क्षेत्रमा ह्रास, लगानी जोखिम, वित्तीय क्षेत्रमा तरलता असुन्तलन, तथा व्याजदरमा उतारचढाव, बढ्दो व्यापार घाटा, न्यून पूंजीगत खर्च, राजस्व संकलनमा ह्रास, पूंजी बजारमा उतार चढाव तथा उच्च मुद्रास्फिती दर, देशलाई औद्योगिकरणतर्फ अग्रसर गराउने प्रमुख तत्वहरु पूंजी, श्रम र उद्यमशीलताका बिच संयोजन नहुनुले अर्थतन्त्र जटिल अवस्थामा रहेको यथार्थ हाम्रो सामु रहेकोमा विविध चुनौतिका बावजुद कम्पनीमा अवलम्बन गरिआएको कुशल व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता एवम् कम्पनीले प्रदान गरिरहेको गुणस्तरीय प्रविधियुक्त ग्राहकमुखी सेवाले प्राप्त उपलब्धीहरु सन्तोषजनक रहेको बेहोरा सम्मानित सभा समक्ष जानकारी गराउनु भयो ।

नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणबाट बीमा कम्पनीहरुको जोखिम वहन गर्ने क्षमता बढाउन, पूंजीगत आधार बलियो बनाउन, बीमाको पहुंच विस्तार गर्न, कम्पनीहरु बीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार गर्न एवम् जोखिममा आधारित पूंजीसंग सामञ्जस्यता हुने गरी जीवन बीमा कम्पनीको चुक्ता पूंजी रु. ५ अर्ब कायम गर्न निर्देशन भएकोमा गत आर्थिक वर्ष २०७९/८० मा कम्पनीको सार्वजनिक शेयर निष्काशन सम्पन्न गरी सो वर्षको वितरण योग्य मुनाफाबाट पांच प्रतिशत बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी ३ अर्ब ९३ करोड ७५ लाख कायम भएको र समीक्षा आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट रु. १ अर्ब ६ करोड २५ लाख बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव यस सभाबाट पारित भए पश्चात नियामक निकायले तोकेको कम्पनीको चुक्ता पूंजी रु. ५ अर्ब कायम हुनेमा सञ्चालक समिति विश्वस्त रहेको धारणा सभा समक्ष व्यक्त गर्नु भयो ।

कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यान्वयन तथा कम्पनीमा कार्यरत व्यवस्थापनको कुशल कार्यदक्षताले उल्लेखित सफलता हासिल गर्नुका साथै जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस क्षेत्रमा विद्यमान प्रतिस्पर्धाका बावजुद नवीनतम बीमा योजना, ग्राहक केन्द्रित गुणस्तरीय सेवा, सूचना प्रविधिको उच्चतम प्रयोग, ग्रामीण स्तरसम्म कम्पनीको पहुंच जस्ता विविध कारणले यस कम्पनी सर्वसाधारण सेवाग्राही माझ आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको सन्दर्भमा कम्पनीमा कार्यरत मानव संसाधनको वृत्ति विकास, जीवन बीमा व्यवसायका मेरुदण्ड बीमा अभिकर्ता "सिटिजन लिडर" को वृत्ति विकास एवम् संस्थागत सुशासन कायम गर्दै जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिदै भविष्यमा समेत जीवन बीमाका थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुर्‍याउन कम्पनी प्रतिवद्ध रहेको बेहोरा सम्मानित सभालाई अवगत गराउनु भयो ।

आगामी दिनहरुमा कम्पनीको काम कारवाही तथा सेवा प्रवाहलाई थप प्रभावकारी एवम् गुणस्तरीय बनाउन शेयरधनी महानुभावहरुबाट रचनात्मक सुझावहरु प्राप्त हुने विश्वासका साथ प्राप्त सुझावहरु समेतका आधारमा कम्पनीको व्यवसाय विस्तार, कम्पनीको कार्यसम्पादन स्तर तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउदै लैजाने विश्वास दिलाउदै कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरणहरु समेतको सञ्चालक समितिको प्रतिवेदन सहितका प्रस्तुत प्रस्तावहरु यस सभाबाट अनुमोदन हुने विश्वासका साथ सम्पूर्ण ग्राहकवर्ग, नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरु, नेपाल स्टक एक्चेन्ज लिमिटेड, शेयर रजिष्ट्रार, सदभावना दुत महजोडी, शेयरधनी महानुभावहरु, सञ्चालकवर्ग, बीमाङ्की, लेखापरीक्षक, व्यवस्थापन समूह, कर्मचारी, सिटिजन लिडर, पत्रकार तथा शुभचिन्तकहरुले यस कम्पनीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा पुर्‍याउनु भएको सहयोग प्रति कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत अमूल्य साथ र सहयोग पाउने अपेक्षा व्यक्त गर्नु भयो ।

९. छलफलको लागि आहवान:

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो मन्तव्य सहित प्रश्न, जिज्ञासा, राय, प्रतिक्रिया एवम् सुझावका लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई (क्रम संख्या १७ देखि २२ सम्मका शेयरधनीज्यूले लिखित सुझाव दिनुभएको) विभिन्न सुझावहरु तथा जिज्ञासाहरु राख्नु भयो:

१. उत्तम दत्त पाण्डे
२. चन्द्रनारायण श्रेष्ठ
३. ब्रम्हदेव शाक्य
४. उद्धव प्रसाद घिमिरे
५. डा. शत्रुघन प्रसाद श्रेष्ठ
६. लवराज जोशी
७. भेषराज भण्डारी
८. बैजुनाथ रौनियार
९. ध्रुवराज न्यौपाने
१०. गोविन्द बहादुर के.सी.
११. उत्तम पाठक
१२. इन्द्र प्रसाद लामिछाने
१३. युगल बस्याल
१४. सुदिप श्रेष्ठ
१५. गुणराज भट्ट
१६. कृष्ण प्रसाद अधिकारी
१७. डमरु वल्लभ घिमिरे
१८. अमिर दास रन्जित
१९. दिवाकर खड्का
२०. जगन्नाथ आचार्य
२१. निरुपमा गुप्ता
२२. नरसिंह लाल चखुं

शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञासा एवम् सुझावहरुको सारांश:

- कम्पनीले सार्वजनिक शेयर निष्काशन गरी पहिलो वर्षमा नै पांच प्रतिशत बोनस शेयर प्रदान गरेकोमा दोश्रो वर्षमा समेत २८.४० प्रतिशतले बोनस शेयर प्रदान गर्नु भएकोमा खुसी व्यक्त गर्दै कम्पनीको आगामी दिनमा उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नु भयो ।
- नियामक निकायले तोकेको न्यूनतम चुक्ता पूंजी पुऱ्याउनको लागि बोनस शेयर जारी गर्नुभएकोमा आगामी वर्षहरुमा यसै गरी प्रतिफल प्रदान गरी आशा र भरोसाको केन्द्र बन्न सफल बन्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दै कम्पनीको रणनैतिक कार्ययोजनाहरु के कस्तो रहेको छ भन्ने जिज्ञासा राख्नु भयो ।
- कम्पनीलाई अपनत्व गर्ने उद्धेश्यले शेयरधनीहरुको तर्फबाट समेत आफ्नो परिवारका सदस्यहरु तथा नजिकका चिनेजानेका व्यक्तिहरुलाई कम्पनीको बीमालेखका बारेमा जानकारी गराउने र यथोचित बीमा योजनाहरु खरिद गरी आफ्नो कम्पनीलाई बढावा गर्न सहयोग गर्नुपर्ने धारणा शेयरधनीहरुमाझ राख्नुभयो ।
- कम्पनीको वित्तीय विवरणमा उल्लेख भएका सूचकहरुमा विगतका वर्षहरुको तुलनामा उल्लेख्य वृद्धि हासिल गर्न सफल भएकोले आगामी दिनहरुमा प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने विश्वास व्यक्त गर्दै सो सम्बन्धमा आवश्यक कार्य योजना बनाई सो अनुरुप काम गर्न सुझाव व्यक्त गर्नुभयो ।
- कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरु गरेको देख्दा पढ्दा सुन्दा कम्पनीले आफ्नो भूमिका बढाउदै लगेको प्रति प्रशन्नता व्यक्त गर्दै आगामी दिनमा त्यसलाई अझै प्रभावकारी रुपमा अघि बढाउन सुझाव व्यक्त गर्नु भयो ।
- कम्पनीको शाखा विस्तारमा ध्यान दिदै मधेश प्रदेशमा शाखा विस्तार गरी उचित लाभ लिन सुझाव व्यक्त गर्नु भयो । साथै कम्पनीका सातै प्रदेशको शाखाहरुको स्थलगत निरीक्षण गरी सुधार आवश्यक भएमा हेरफेर गर्नुका साथै कर्मचारीहरुलाई समय समयमा प्रशिक्षण, सहि मार्गनिर्देशन, दक्षता अभिवृद्धि गरी क्षमतावान कर्मचारीहरुलाई जिम्मेवारी दिई बीमाको गरिमा उच्च राख्न सुझाव व्यक्त गर्नुभयो ।
- जीवन बीमा अभिकर्ताहरुको संख्यात्मक वृद्धि भन्दा गुणात्मक रुपमा संख्या वृद्धि गर्न सकेमा कम्पनीले उच्चतम प्रगति हासिल गर्ने सुझाव व्यक्त गर्नु भयो ।

- बीमा अभिकर्ताहरुको वृद्धिमा विशेष ध्यान दिई अभिकर्ताहरुको दक्षता एवम् गुणस्तरीय क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य गर्न सुझाव दिदै कम्पनीले समय सन्दर्भ अनुसार नयां नयां उपकरणहरुको प्रयोग गरी जीवन बीमा क्षेत्रमा स्तरीय कार्य गर्न सुझाव व्यक्त गर्नु भयो ।
- कम्पनीले सञ्चालन गरेको बीमा साक्षरता अभियान अझ व्यापक र प्रभावकारी बनाउन सुझाव राख्दै कर्मचारीहरुको पोषाक तथा मेडिकल शिर्षकमा केही खर्च नभएको देखिंदा कर्मचारीहरुलाई पोषाक सुविधा उपलब्ध गराउन अनुरोध गर्नु भयो ।
- कम्पनीले आफ्नो लगानीको अधिकांश हिस्सा बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा राखेको परिप्रेक्षमा हाल सो को प्रतिफल दरमा कमी आइरहेकोले सो बाट पर्न सक्ने असरलाई न्यूनीकरण गर्न के कस्तो कदम चालिएको छ भन्ने जिज्ञासा राख्नु भयो ।

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ:

सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहांहरुले राख्नु भएको जिज्ञासाका सम्बन्धमा धेरै विषयहरु कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको बेहोरा अनुरोध गर्दै कम्पनीले व्यवसायिक कारोबार शुरु गरेको छोटो अवधीमा बोनस शेयर जारी गरी नियामक निकायले तोकेको न्यूनतम चुक्ता पूंजी पूरा गरेको र सो सम्बन्धमा शेयरधनी महानुभावहरुले प्रशंसा गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नुका साथै आगामी आर्थिक वर्षमा समेत यथाशक्य उचित प्रतिफल प्रदान गर्न सकिने विश्वास व्यक्त गर्नु भयो । यसै गरी संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा नेपाल बीमा प्राधिकरणले गरेको व्यवस्था अनुरुप आन्तरिक कार्यविधि समेत बनाइ सोही बमोजिम कार्य गर्दै गइरहेको र सो लाई आगामी दिनमा थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिने बेहोरा सभालाई जानकारी गराउनु भयो ।

शेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई मनन गर्दै कम्पनीले नेपाल बीमा प्राधिकरणको स्वीकृतिमा आवश्यक स्थानहरुमा शाखा तथा उपशाखा कार्यालय स्थापना गर्नुका साथै समयको माग अनुरुप आधुनिक प्रविधिको प्रयोग गरी डिजिटल प्रणालीबाट कम्पनीको सेवालाई ग्रामीणस्तरसम्म पुर्‍याउन प्रयत्नशील रहेको बेहोरा सभामा जानकारी गराउनु भयो । यसैगरी कम्पनीले दीर्घकालीन लगानीलाई बढावा दिएको, कुल लगानीको अधिकांश हिस्सा दीर्घकालीन अवधिको मुद्दती निक्षेप तथा डिबेञ्चर, बण्डमा लगानी गरेकोले हाल घट्दो क्रममा रहेको व्याजदरले सो लाई ठूलो असर नपार्ने र हालको प्रतिस्पर्धात्मक व्यवसायिक वातावरणमा व्यवसायिक उपलब्धि हासिल गर्न चुनौती रहेको भएता पनि तुलनात्मक रुपमा यस कम्पनीले अग्रणी पंक्तीमा रहेर आफ्नो व्यवसायलाई अघि बढाइरहेको सभालाई जानकारी गराउनु भयो । यसका साथै शेयरधनी महानुभावहरुको राय सुझावहरु अत्यन्त महत्वपूर्ण र उपयोगी हुनुका साथै स्पष्ट भाषाबाट सिटिजन लाइफलाई आगामी दिनमा कसरी अघि बढाउने भन्ने सुझावहरु प्राप्त भएकोमा यस प्रकारका गहन सुझावहरुलाई आगामी दिनमा पूर्ण रुपमा पालना गरिने विश्वास सभामा व्यक्त गर्नु भयो ।

शेयरधनीहरुबाट प्रमुख कार्यकारी अधिकृतको आगामी योजनाका बारेमा सम्बोधन गरिदिनको लागि आग्रह गर्नुभए बमोजिम अध्यक्षज्यूबाट कम्पनीको बारेमा प्रकाश पार्न प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन भयो ।

प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको समग्र रुपमा आजको अवस्थामा आइपुग्न शेयरधनी महानुभावहरुको अमूल्य सुझाव सल्लाहका साथै सम्पूर्ण सिटिजन लिडर्सको समग्र योगदानबाट सम्भव भएको जानकारी गराउदै अगामी दिनहरुमा समेत शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य राय सुझावहरुलाई आत्मसात गर्दै कम्पनीलाई के कसरी अघि बढाउन सकिन्छ र लगानी प्रतिफल कसरी दिने भन्नेमा सधै प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । त्यसैगरी प्रतिस्पर्धी बजारमा कम्पनीले नवीनतम बीमा योजनाहरुका साथ नेतृत्वदायी कार्य गर्न सधै प्रयत्नशील रहदै आएको, कम्पनीको सल्भेन्सी मार्जिन राम्रो अवस्थामा रहेकाले उच्च दायित्व वहन गर्ने क्षमतासाथ कम्पनी मजबुत अवस्थामा रहेको जानकारी गराउनु भयो । कम्पनीले नचर द नेचरलाई आत्मासात गर्दै डिजिटल सिटिजन क्याम्पियन शुरु

गरी ग्राहकहरुले अनलाईन माध्यमबाट बीमालेख खरिद गर्न सक्ने व्यवस्था गरी बीमा क्षेत्रमा उदाहरणीय कार्य गर्दै आइरहेको सभामा जानकारी गराउनु भयो ।

११. निर्णयहरु:

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको मन्तव्य सहितको सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा:

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिबाट पारित गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा:

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर बाहेक रु. ७,५०,०००/- (अक्षरुपी सात लाख पचास हजार रुपैंया मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री एस.ए.आर. एशोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को १.४२०२२ (एक दशमलव चार दुई शुन्य दुई दुई) प्रतिशतले हुने रु. ५,५९,२१,०५२/६३ (अक्षरुपी पांच करोड उनानसाठी लाख एक्काइस हजार बाउन्न रुपैंया त्रिसठ्ठी पैसा) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा:

कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को १.४२०२२ (एक दशमलव चार दुई शुन्य दुई दुई) प्रतिशतले हुने रु. ५,५९,२१,०५२/६३ (अक्षरुपी पांच करोड उनानसाठी लाख एक्काइस हजार बाउन्न रुपैंया त्रिसठ्ठी पैसा) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ख) विशेष प्रस्ताव:

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को २६.९८४१२६९८ (छब्बीस दशमलव नौ आठ चार एक दुई छ नौ आठ) प्रतिशतले हुने रकम रु. १,०६,२५,००,०००/- (अक्षरुपी एक अर्ब छ करोड पच्चीस लाख रुपैंया) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- को २६.९८४१२६९८ (छब्बीस दशमलव नौ आठ चार एक दुई छ नौ

आठ) प्रतिशतले हुने रकम रु. १,०६,२५,००,०००/-(अक्षरुपी एक अर्ब छ करोड पच्चीस लाख रुपैंया) बराबरको बोनस शेयर जारी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

२. बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ५,००,००,००,०००/-(अक्षरुपी पांच अर्ब) पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा:

बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ५,००,००,००,०००/-(अक्षरुपी पांच अर्ब) पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

संशोधित दफा ६(ग):

कम्पनीको तत्काल चुक्ता पूंजी रु. ५,००,००,००,०००/-(अक्षरुपी पांच अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ५,००,००,०००/-थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. कम्पनीबाट गरिएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा:

कम्पनीबाट आर्थिक वर्ष २०८०/०८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक परियोजनाहरु, स्वास्थ्य, शिक्षा, दैवी प्रकोप व्यवस्थापन लगायतमा भएको खर्च रकम १७,०१,९४८/- (अक्षरुपी सत्र लाख एक हजार नौ सय अडचालिस रुपैंया) लाई कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा:

विशेष प्रस्ताव अन्तर्गतको निर्णय नं. २ बमोजिमको संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा अन्य नियमनकारी निकायहरुबाट सो मा कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ग) विविध: विविध विषय अन्तर्गत छलफलका विषयहरु नभएको सभालाई जानकारी गराइयो ।

१२. धन्यवाद ज्ञापन:

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरु आठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भई आ-आफ्नो मन्तव्य सहित प्रश्न, जिज्ञासा, तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्षज्यूले अपरान्ह १:१० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(दिप बहादुर वि.सी.)
कम्पनी सचिव

(प्रदीपजङ्ग पाण्डे)
अध्यक्ष

## सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
### प्रबन्धपत्रमा भएको संशोधनको तीन महले

| साविकमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ६(ग):<br>कम्पनीको तत्काल चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- (अक्षरुपी तीन अर्ब त्रियानब्बे करोड पचहत्तर लाख) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ३,९३,७५,०००/- थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६(ग):<br>कम्पनीको तत्काल चुक्ता पूंजी रु. ५,००,००,००,०००/- (अक्षरुपी पांच अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ५,००,००,०००/- थान साधारण शेयरमा विभाजन गरिएको छ । | वार्षिक साधारण सभामा तत्काल चुक्ता पूंजीको २६.९८४१२६९८ ( छब्बीस दशमलव नौ आठ चार एक दुई छ नौ आठ) प्रतिशतले हुने रकम रु. १,०६,२५,००,०००/- (अक्षरुपी एक अर्ब छ करोड पच्चीस लाख रुपैंया) बराबरको बोनस शेयर घोषणा गरेकोले । |

# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
## संशोधित प्रबन्धपत्र

दफा ६ (ग):

कम्पनीको तत्काल चुक्ता पूंजी रु. ५,००,००,००,०००/-(अक्षरुपी पांच अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ५,००,००,०००/-थान साधारण शेयरमा विभाजन गरिएको छ ।

DBanoss